आज मिति २०७९/०८/२१ गते विहानको ८:३० को समयमा यस उच्च सरकारी वकील कार्यालय जुम्लाको निमित्त सह-न्यायाधिवक्ता श्री भिम प्रसाद भुर्तेलको संयोजकत्वमा बसेको समन्वय समितिको बैठकमा देहायको विषयमा छलफल गरी निर्णय गरियो ।

**उपस्थितिः-**

श्री भिम प्रसाद भुर्तेल, नि. सह न्यांयाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्लाः- संयोजक

श्री प्रमिला रिजाल , सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्लाः- सदस्य

श्री नरेन्द्र चन्द ,प्रहरी नायब उपरीक्षक जिल्ला प्रहरी कार्यालय, जुम्ला (प्रतिनिधि श्री संघीय प्रहरी ईकाइ कार्यालय, सुर्खेत )

श्री दिपेश प्रताप शाह, सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्लाः- सदस्य सचिव

**आमन्त्रित**

श्री राकेश मणी उपाध्याय, नि.रजिष्टार, उच्च अदालत सुर्खेत जुम्ला ईजलास, जुम्ला ।

**छलफलका विषयहरु**

१. क्षतिपूर्ति

२. सम्पति रोक्का

३. अपराध पीडितको संरक्षण

४. प्रतिरक्षा

५. समन्वय

६. विविध

**निर्णयहरुः-**

**प्रस्तावनं. १ माथि छलफल गर्दा**

- क्षतिपूर्तिको उद्देश्य पीडितको पुनर्स्थापना र परिपुरण सँग सम्बन्धित भएको हुँदा कानूनमा पीडक प्रतिवादीले क्षतिपूर्ति नतिरेमा कैदमा बस्नुपर्ने कानूनी व्यवस्था भएकोले पीडक प्रतिवादी कैदमा बसेमा पीडितले क्षतिपूर्ति को कसबाट पाउने अस्पष्ट देखिँदा सो तर्फ सम्बोधन हुने व्यवस्था गर्ने गराउने विषयमा सरकारी वकीलको चौथो राष्ट्रिय सम्मेलनको घोषणापत्रमा समावेश गर्न उपयुक्त हुने निर्णय गरियो ।

**<u>प्रस्तावनं. २ माथि छलफल गर्दा</u>**

- कसूरदारको सम्पति पहिचान गरी समयमै रोक्का राख्ने र त्यसैबाट पीडितलाई क्षतिपूर्ति भराउने काम गर्न खासै नसकिएको साथै मातहत कार्यालयहरुमा सम्पति रोक्का राख्ने अभ्यासमा समेत एकरुपता नपाइएको हुँदा कसूरदारको सम्पति पहिचान गरी समयमै रोक्का राख्न मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९२ तथा कसूरजन्य सम्पति तथा साधन रोक्का र जफत सम्वन्धी ऐन, २०७७ को दफा ४ बमोजिम प्रक्रिया अघि बढाई प्रतिवादीको परिवारको सदस्यको सम्पति भन्दा पनि सम्बन्धित प्रतिवादीको अंश भागको सम्पति मात्रै रोक्का राख्दा उचित हुने हुँदा सो तर्फ संवेदनशील हुन मातहतका कार्यालयहरुमा जानकारी गराउने निर्णय गरियो ।

**<u>प्रस्तावनं. ३ माथि छलफल गर्दा</u>**

- डर, त्रास र भयमुक्त वातावरणमा साक्षीको परिक्षण गर्न गराउन एंव पीडित साक्षीलाई प्रतिवादीहरुबाट हुन सक्ने सम्भावित दबाव, प्रभाव कम गर्न, सो बारेमा पीडितसँग सोधपुछ गरी आवश्यक व्यवस्था मिलाउन हामी साझा रुपमा क्रियाशिल भई निराकरणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने र प्रत्येक सरकारी वकील तथा प्रहरी कार्यालयमा संरक्षण गर्नुपर्ने साक्षीको अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाउन लगाउने ।

**<u>प्रस्तावनं. ४ माथि छलफल गर्दा</u>**

- सरकारी पक्षलाई प्रत्यर्थी बनाई दायर हुने रिट निवेदनमा प्रतिरक्षाको लागि आवश्यक लिखित जवाफको साथै सो सँग सम्बन्धित भएका सूचना, जानकारी, निर्णय र कागजात यथोचित यथाशिघ्र माध्यमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>प्रस्तावनं. ५ माथि छलफल गर्दा</u>**

- हामी बीच फौजदारी मुद्दाका सन्दर्भमा अनुभवको आदान-प्रदान गरियो, आगामी दिनमा थप अवधारणागत बुझाई, प्रशिक्षण, सिकाई र अनुभवको आदान-प्रदान निरन्तरता रुपमा न्यायको लागि आवश्यक सहयोग र समन्वयलाई थप प्रभावकारी बनाउने ।

**<u>प्रस्तावनं. ६ माथि छलफल गर्दा</u>**

- उपरोक्त निर्णय कार्यान्वयनको लागि उच्च सरकारी वकील कार्यालय र संघीय प्रहरी ईकाई कार्यालयबाट मातहत कार्यालयहरुमा परिपत्र गर्ने र निर्णय कार्यान्वनय भए नभएको अनुगमन र निरीक्षण गरी त्यसलाई समेत मातहत कार्यालयको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने र आगामी बैठकमा कार्यान्वयनको अवस्थाबारे पूनः समिक्षा गर्ने निर्णय गरियो ।